आ.व. २०८२।०८३

बैठक:- नगर कार्यपालिका बैठक

अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं. ०१।०८२।०८३

मिति:-२०८२।०८।१५ गते

स्थान:- ता.न.पा मिनिहल

समय:- बिउसो १ ०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको मिति २०८२।०३।८ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

चालु आ.व. २०८२ ०८३ को लागि तानसेन नगरपालिका, दररेट निर्धारण समितिबाट निर्णय गरी सिफारिस गरिएको तानसेन नगरपालिकाको स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकामा अस्थायी, करार र ज्यालादारीमा कामगर्ने कर्मचारीहरुको लागि सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउने तथा नगरपालिकाका समग्र कर्मचारीहरुलाई अतिरिक्त सेवा सुविधा प्रदान गर्ने विषयमा अध्ययन गरी गठित समिति मार्फत विधायन समितिबाट सिफारिस भई कार्यपालिकामा पेश गरिएको कर्मचारी प्रोत्साहन सुविधा-कार्यविधि, २०८२ पुन अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आ.व. २०८१।०८२ मा कार्यान्वयन भएका तपसिलका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम र सडक बोर्ड अन्तर्गतका आयोजनाहरु गत आर्थिक बर्षमा सम्पन्न हुनुपर्नेमा विभिन्न कारणले सम्पन्न हुन नसकेका देहायका योजनाहरु **सार्वजनिक खरिद नियमावली २०६४ नियम १२० को उपनियम (३) र नियम १२१ बमोजिम व्यवस्था भएको पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी** तपसिलमा उल्लेख भएको मिति सम्म ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | बोलपत्र नं. | सम्पन्न हुनुपर्ने मिति (सम्झौता अनुसार) | म्याद थप गरिएको अवधी |
|---|---|---|---|---|
| १. | सडक स्तरोन्नती कार्य (सडक बोर्ड कार्यक्रम) | TM/PAP/W/NCB/12/081-082 | २०८२।०३।१५ | बढीमा २०० दिन (सम्पन्न हुनुपर्ने मितिबाट) |
| २. | सडक स्तरोन्नती कार्य (गुडियाचौर ढुङ्गेधारा सडक), तानसेन ११, पाल्पा | TM/PLP/W/NCB/18/2081-082 | २०८२।०३।१० | बढीमा २०० दिन (सम्पन्न हुनुपर्ने मितिबाट) |
| ३. | सडक स्तरोन्नती कार्य (मौवाडाडा चिउदी सडक), तानसेन १२, पाल्पा | TM/PLP/W/NCB/19/2081-082 | २०८२।०३।१० | बढीमा २०० दिन (सम्पन्न हुनुपर्ने मितिबाट) |
| ४. | सडक स्तरोन्नती कार्य (सिद्धार्थ राजमार्ग देखि प्रजातन्त्र स्कुल, वडा कार्यालय, बालकन्या भगवती स्कुल सडक), तानसेन १०, पाल्पा | TM/PLP/W/NCB/26/2081-082 | २०८२।०३।१५ | बढीमा २०० दिन (सम्पन्न हुनुपर्ने मितिबाट) |

**निर्णय नं. ५**

मिति २०६९।११।२३ मा यस कार्यालय र श्री हिमडुङ्ग एण्ड थोकर जय रक्तकाली जे.भी, काठमाडौ बीच ठेक्का नं. TMO/PALPA/NCB/2/069/70 को साविक ता.न.पा.-११ र १४ हाल ता.न.पा.-७, बाघखोरमा शीत भण्डार निर्माण कार्यको लागि सम्झौता भई मिति २०८२।२।३० सम्म म्याद थप भएकोमा निर्माण कार्य सम्पन्न नभएको साथै हाल काम सुचारु समेत भईरहेको अवस्थामा बाँकी कार्यहरु सम्पन्न गर्न **सार्वजनिक खरिद नियमावली २०६४ (चौधौं संशोधन) नियम १२० (क)** बमोजिम मिति २०८२ माघ मसान्त सम्म ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

शितज्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. ६**

ठेक्का नं. TM/PLP/W/NCB/03/2081-082 को ढल व्यवस्थापन कार्य (बागबानी कल्भर्ट देखि रक्साहा ता.न.पा. ४, र ७, पाल्पा कार्यको लागि उनालोम इन्जिनियरिंग कन्सल्टेन्सी तथा कन्स्ट्रक्सन प्रा. लि मैनामैना-७, रुपन्देही र यस तानसेन नगरपालिका कार्यालय बीच मिति २०८१/०८/१२ मा सम्झौता भएकोमा म्याद भित्र पनि निर्माण स्थलमा कुनै पनि निर्माण कार्य सुचारु नभएको हुनाले मिति २०८१/१०/०७ को च.नं.१८९१ को पत्रद्वारा निर्माण कार्य सुचारु गर्न जानकारी गराउदा पनि निर्माण स्थलमा कुनै पनि निर्माण कार्य नभएकोले पुनः पत्र लेखिएकोमा हालसम्म पनि कार्य अगाडी नबढेकोमा सार्बजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र निर्माण ब्यबसायीसंग भएको सम्झौता को दफा ७२ अनुसार ठेक्का अन्त्य गरि दफा ७४ अनुसार ठेक्का तोडी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्न र दफा ७५ अनुसार उक्त कार्य गर्न लगात अनुमान बमोजिमको रकम असुलउपर गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ७**

ठेक्का नं. TM/PLP/W/NCB/21/2081-082 को होलांदी खोल्सा ढल निर्माण कार्य ब्यवस्थापन कार्य, ता.न.पा. ३, पाल्पा कार्यको लागि अह्तेशाम कन्स्ट्रक्सन प्रा.लि., टोखा- ९, काठमाडौं र यस तानसेन नगरपालिका कार्यालय बीच मिति २०८२/०१/१७ मा सम्झौता भएको व्यहोरा अवगत नै छ| सम्झौता भएको म्याद भित्र पनि निर्माण स्थलमा कुनै पनि निर्माण कार्य सुचारु नभएको हुनाले मिति २०८२/०२/०१ को च.नं.२४२० र मिति २०८२/०३/११ को च.नं.२७९७ को पत्रहरुद्धारा निर्माण कार्य सुचारु गर्न जानकारी गराउदा साथै निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि सकिएको अवस्था सम्मपनि निर्माण स्थलमा कुनै पनि निर्माण कार्य नभएकोले सार्बजनिक खरिद ऐन २०६३, सार्बजनिक खरिद नियमावली २०६४ र निर्माण ब्यबसायीसंग भएको सम्झौता को दफा ७२ अनुसार ठेक्का अन्त्य गरि दफा ७४ अनुसार ठेक्का तोडी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्न र दफा ७५ अनुसार उक्त कार्य गर्न लगात अनुमान बमोजिमको रकम असुलउपर गर्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ८**

तानसेन नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण जग्गाहरुलाई भू-उपयोग नीति २०७२ बमोजिम भू-उपयोग क्षेत्रमा बर्गिकरण गर्न सेवा परामर्श खरिद गरी कार्य अगाडि बढाउने र यसको लागि नगर विकास योजनाको भूमि बर्गिकरण व्यवस्थापन शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

तानसेन नगरपालिकासँगको सहकार्य र सहलगानीमा "वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्धन कार्यक्रम (GEEP)" सञ्चालनका लागि सहकार्य गर्ने सम्बन्धी तानसेन नगरपालिका, पाल्पा र दायित्व संस्था बीच द्विपक्षीय सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

तानसेन नगरपालिका क्षेत्रको बजार व्यवस्थापन सम्बन्धमा बजार व्यवस्थापन समितिबाट आवश्यक कार्ययोजना तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

आ.व. २०८२/०८३ को लागि ससर्त तथा निसर्त अनुदानतर्फ प्राप्त शिक्षण सहयोग अनुदान दरबन्दी नभएका तथा न्यून दरबन्दी भएका तपसीलका विद्यालयहरुलाई उपलब्ध गराई नियमानुसार शिक्षक व्यवस्थापन गर्न विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

**तपसिल:**

क) ससर्त अनुदानतर्फ :

- श्री भूसलडाँडा माध्यमिक विद्यालय ता.न.पा.८ - विज्ञान - १ वटा

चितःज्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

संतोष लाल श्रेष्ठ
नगर प्रमुख

➤ श्री भूसलडाँडा माध्यमिक विद्यालय ता.न.पा.०१ - गणित- १ वटा

➤ श्री जनप्रिय माध्यमिक विद्यालय ता.न.पा ०६- विज्ञान- १ वटा

२) निम्नमाध्यमिक तह :

➤ जनप्रिय माध्यमिक विद्यालय, ता.न.पा. ०६- गणित- १ वटा

➤ सरस्वती माध्यमिक विद्यालय ता.न.पा. ०७- अंग्रेजी- १ वटा

ख) नगरपालिका (निसर्त) अनुदानतर्फ:

१) माध्यमिक तह :

| क्र.सं. | विद्यालयको नाम | तलब दर | अवधि | पोषाक खर्च | विषय/संख्या | जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| १ | गार्गी माध्यमिक विद्यालय ता.न.पा. ११ | ४३६८९। | १३ महिना( चाडबाड सहित) | १००००। | गणित /१ | ५७७९५७। |
| २ | गार्गी माध्यमिक विद्यालय ता.न.पा. ११ | ४३६८९। | १३ महिना( चाडबाड सहित) | १००००। | अंग्रेजी /१ | ५७७९५७। |

२) बालविकासतर्फ

➤ सर्वोदय माध्यमिक विद्यालय ता.न.पा. १३- बालविकास शिक्षक १ जना

| क्र.सं. | विद्यालयको नाम | तलब दर | अवधि | पोषाक खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | सर्वोदय माध्यमिक विद्यालय | १००००। | १३ महिना( चाडबाड सहित) | १००००। | १३००००। |

**निर्णय नं. १२**

तानसेन नगरपालिका वडा नं. ७ स्थित कमल पोखरी ताल क्षेत्रमा साविक जिल्ला पञ्चायत पाल्पाको नाममा करिब ४१ रोपनी जग्गा रहेको र उक्त क्षेत्रको विकास र सौन्दर्यकरण गर्नका लागि UNOPS कार्यक्रम अन्तर्गत आ.व. ०८२।०८३ का लागि रु २ करोड ९२ लाख वजेट सुनिश्चित भएकोले जिल्ला समन्वय समितिको क्षेत्राधिकार भित्र रहेको जग्गामा निर्माण तथा सौन्दर्यकरण गर्नका लागि जिल्ला समन्वय समिति पाल्पामा सहमति माग गर्ने र निर्माण कार्यका लागि नियमानुसार ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिकाको गत आ.व.२०८१/०८२ को बार्षिक आय रु. १,३३,२३,४३,३६९।८६ र व्यय रु.१,१६,५२,०५,३१७।६२ को वार्षिक आम्दानी खर्च विवरण स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

तानसेन नगरपालिका अन्तर्गतका देहायका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR)तयार गर्न आवस्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

क) चिलाङ्गदी गोर्खेकोट, कवर्डहल हुदै आँखा अस्पताल र कैलाशनगर सडक वडा नं. १ ३ ५

ख) वौघागुम्हा छेलुंङ्ग हुदै बोटेगाउँ सडक वडा नं. १३

ग) वौघापोखराथोक लुहुग जोर्ते सडक वडा नं. १२

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

घ) वंशगोपाल प्रवेश द्वार, कमलपोखरी, वाखखोर, कोल्डस्टोर,देविस्थान, पिपलटारी देखि प्रभास अस्पताल सडक स्तरोन्नती वडा नं. ७

ङ) भालेबास छाप पिपलडाडा कोकल शिशिरे चुच्चेबारी र गुन्द्रेखोल्या सडक वडा नं.८ /९

च) विगतमा प्रस्तावित रिङ्गरोड (हात्ती गौडा, चौपारी, स्वामीडाडा, टेकरी, रिहयाव सेन्टर हुदै शसस्त्र क्याम्प ) वडा नं. ६

छ) चरचरे सिस्ने बेल्टारी अम्लिहान लालपाटी सडक वडा नं.८ /९

ज) सेतिपोखरी वोखर गावुडाँडा भालुवन मोटरबाटो वडा नं.५ /११

**निर्णय नं. १५**

तानसेन नगरपालिका वडा नं. १४ स्थित हृषिकेश मन्दिर परिसर तथा मूलगेट अगाडि रहेको खाली जग्गा र सार्वजनिक सौचालयको रेखदेख र सरसफाई गर्ने जिम्मा हृषिकेश मन्दिर व्यवस्थापन समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिका वडा नं. १४ अर्गली स्थित जुद्ध शम्सेरको दरवार समेतको जग्गा खरिद गर्न पुरातत्व विभाग मार्फत अर्थ मन्त्रालयमा रकम निकासाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

पाल्पा दरवार संग्राहलय परिसरमा पर्ने ऐतिहासिक मुलढोकाको दाँया वाँया क्षेत्रको संरचना पुन निर्माण गर्नुपर्ने भएकोले निर्माण पश्चात पहिलो तल्ला दि फमश महेन्द्र दल गणले प्रयोग गर्ने र भुईतलामा तानसेन नगरपालिकाको पर्यटन सूचना केन्द्र (Tourism Information centre) को रुपमा संचालन गर्ने गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिका अन्तर्गतका नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गर्नुपर्ने भएको र सो का लागि कालीगण्डकी, तिनाउ घाट र खयरतुङ्ग नामीकुवा क्षेत्र समेत १० स्थानका घाटहरुको IEE गर्नका लागि प्राविधिकहरुवाट प्रस्तावित लगत ईष्टिमेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिका वडा नं. ३ स्थित वसन्तपुरमा रहेको पानीटंकीवाट श्रीनगर क्षेत्रमा पानी लिफ्टिङ्ग गर्दै आएकोले उक्त स्थानमा ट्रष्ट निर्माण र अन्य मर्मत गर्नुपर्ने भएकोले ट्रष्ट निर्माण र अन्य मर्मत गर्नका लागि ता.न.पा.को आ.व. ०८२।०८३ बजेट तथा कार्यक्रमको शि.नं. १४२ कोड नं. ३११.२२.१.६४७ मेयर पूर्वाधार कार्यक्रम शिर्षकवाट रु. ५० हजार विनियोजन गरी लगत स्टिमेट अनुसार आवस्यक कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २०**

नेपाल सरकारबाट सिटीहल निर्माणको लागि आ.व.०८२।०८३ मा विनियोजित रु. ३ करोडबाट तानसेन नगरपालिका वडा नं. ६ (साविक वडा नं. ३) को प्रशासनिक भवनको उत्तर पूर्व तर्फ रहेको कित्ता नं. ५७२ को क्षेत्रफल ३८-३-२-२ रहेको सरकारी/सार्वजनिक जग्गामा उक्त भवन निर्माण गर्नुपर्ने भएकोले उल्लेखित कित्ता नं. को जग्गाको भोगाधिकारका लागि सम्वद्ध कार्यालयहरुवाट सहयोग सिफारिस लिई नेपाल सरकार समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

तानसेन नगरपालिका वडा नं. १० मा रहेको महिला नौमती बाजा समूहबाट सेवा संचालन भैरहेको र उक्त सेवा संचालनलाई प्रभावकारी बनाउन र थप वाजा खरिद गर्नका लागि समूहबाट सहयोग माग

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लम्साल ओली
नगर प्रमुख

भएकोले ता.न.पाको आ.व. ०८२।०८३ को नगरविकास योजनाको शि.नं. ११६ कोड नं. ६११.२२.१.६१९ **कला संस्कृति संरक्षण संवर्धन** शिर्षकवाट रु.५०००० रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

पाल्पा अस्पतालमा रहेको अक्सिजन प्लान्ट मर्मत गरी पुन:संचालन गर्नुपर्ने भएकोले ता.न.पाको चालु नगर विकास योजनाका शि.नं. १४२ कोड नं. ६११.२२.१.६४७ मेयर पूर्वाधार कार्यक्रम शिर्षकबाट रकम रु.२५०००० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २३**

१ वर्ष अघि देखि दिवङ्गत आफन्तहरुको सम्झनामा प्रत्यक वर्ष भाद्र कृष्ण प्रतिपदा देखि अष्टमीसम्म ८ दिन मनाईने ऐतिहासिक एवम् सांस्कृतिक पर्व **गाईजात्रा** यही मिति २०८२ साल श्रावण २५ गते पर्न गएकोले उक्त गाईजात्रा पर्वको दिन तानसेन नगरपालिका र मातहतका कार्यालय, शिक्षण संस्था अन्य संघ संस्था र कार्यालयहरुमा स्थानीय विदा दिने निर्णय गरियो ।

**निर्णय नं. २४**

तानसेन नगरपालिकाको आ.व.२०८२।०८३ को बार्षिक खरिद योजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

प्रदेश लोकसेवा आयोगको च.नं. १८ मिति २०८२।४।६ को पत्रवाट नेपाल सरकारवाट स्वीकृत दरवन्दी अन्तर्गतको रिक्त पदपूर्तिको लागि माग भई आएकोले रिक्त पदपुर्तिका लागि प्रदेश लोकसेवा आयोगमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २६**

तानसेन नगरपालिकाको आ.व. ०८१।०८२को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम मिति २०८२ आषाढ ३१ गते तेश्रो चौमासिक / वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम पाल्पा मिडिया प्रा.लि.द्वारा संचालन तथा सम्पन्न भएकोले संस्थावाट सुझाव सहित पेश भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै सम्झौता वमोजिमको रु ८०,०००। सोही शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

चितिश्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत